नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

बैठक संख्याः १६

मितिः २०७७/९/७

<u>निर्णयहरू</u>

संयुक्त अधिराज्यमा हालै कोरोना भाइरसको नयाँ प्रकार देखा परेको, उक्त भाइरस पहिलेको भन्दा बढी संक्रामक रहेको, युरोपियन युनियन र अन्य देशहरूद्वारा तत्कालका लागि संयुक्त अधिराज्य आउने जाने सिधा उडानहरू रद्द गरिएको सहितको व्यहोरा परराष्ट्र मन्त्रालयको मिति २०७७।०९।०७, च.नं. ४६११ को पत्रबाट जानकारी आएको एवं सीसीएमसी सहजीकरण समितिको सिफारिस बमोजिम निम्नानुसारको व्यवस्था कार्यान्वयन गर्ने र सो सम्बन्धी निर्णय अनुमोदनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने।

१. संयुक्त अधिराज्यबाट यात्रा प्रस्थान गरी नेपाल आउने यात्रु र संयुक्त अधिराज्य ट्रान्जिट भई नेपाल आउने यात्रुलाई मिति २०७७ पौष ७ गते एयरपोर्टमा ट्रान्जिटमा रहेको बाहेक अर्को सूचना नहुञ्जेलसम्म नेपाल आगमनमा रोक लगाउने। सम्बन्धित नियोगबाट भिसा जारी नगर्ने र नेपालमा प्रवेशाज्ञा रोक लगाउने। तर यसबीचमा यात्रा शुरु गरी ट्रान्जिटमा रहेका यात्रुहरुको हकमा नेपाल प्रवेश गरे पछि निजी खर्चमा अनिवार्य १० दिन होटल क्वारेन्टिनमा राख्ने।

२. २०७७।०९।०१ गतेदेखि संयुक्त अधिराज्यबाट उत्पत्ति भई वा सो मुलुकमा ट्रान्जिट भई नेपाल प्रवेश गरेका यात्रुलाई कन्ट्याक्ट ट्रेसिङ गरी ७ दिन पछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा CCMC र DCCMC मार्फत अनिवार्य रूपमा परीक्षण गर्ने। प्रकरण १ बमोजिम होटल क्वारेन्टिनमा रहेका र यस अघि नेपाल प्रवेश गरेका यात्रुलाई नेपाल प्रवेश गरेको १० दिनसम्म आफ्नै खर्चमा क्वारेन्टिन बस्न अनिवार्य गर्ने।

३. २०७७।०९।०१ गतेदेखि संयुक्त अधिराज्यबाट उत्पत्ति भई वा सो मुलुकमा ट्रान्जिट भई नेपाल प्रवेश गरिसकेका यात्रुलाई नेपाल प्रवेश गरेको मितिले ७ देखि १० दिन भित्र स्वास्थ्य परीक्षणको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आह्वान गर्ने।

४. सबै वायु सेवाहरूलाई प्रकरण १ मा उल्लेख भएको व्यवस्था लागू गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आजै निर्देशन दिने।

५. यस्तै प्रकारको कोभिड-१९ को नयाँ संक्रमण भएको अन्य कुनै देशबाट आउने यात्रुहरुको लागि समेत उल्लिखित बमोजिमको व्यवस्था लागू गर्न सकिने।

ईश्वर पोखरेल
उपप्रधानमन्त्री